ठेक्का नं २- औषधी खरिद

आ.व २०७४।०७५

भीमदत्त नगरपालिकाको कार्यालय
कञ्चनपुर
७ नं. प्रदेश, नेपाल
२०७३

# भीमदत्त न.पा.नगरकार्यपालिकाको कार्यालय ,कञ्चनपुर
# ७ नं. प्रदेश ,नेपाल

**<u>बिषयः औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धि सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना ।</u>**

- प्रथम पटक प्रकाशित
  मिति २०७५।२।१०

आ.व.०७४/०७५ मा यस कार्यालय अन्तर्गतका स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल समान यस न.पा बाट सिलबन्दी दरभाउ पत्र को माध्यम बाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित औषधी व्यवसायीहरु, कम्पनी, फर्म वा सप्लायर्सहरुको जानकारीको लागि यो सिलबन्दी दरभाउपत्र आह्वानको सार्वजनिक सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।

**<u>शर्तहरु</u>**

१ यो सूचना पत्रिकामा प्रकासित भएको मितिले १५ पन्ध्र दिन भित्र र सो दिन सार्वजनिक विदा परे सोको भोलीपल्ट रु १००० एक हजार तिरी पछि फिर्ता नहुने गरि यस कार्यालयको लेखा शाखा, कञ्चनपुरबाट सिलबन्दी दरभाउपत्र फाराम खरीद गर्न सकिनेछ ।

२ ईच्छुक फर्म,कम्पनी वा संस्थाले सिलबन्दी दरभाउ पत्र राजश्व विभागबाट आ.ब. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरु मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ पेश गर्नु पर्नेछ ।

३ प्रथम पटक प्रकासित भएको मितिले १६ औं दिनमा यस कार्यालयमा दिनको १२.०० बजे भित्र सिलबन्दी पत्र दाखिला गरि सक्नु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट सोही समय भित्र दाखिला गर्नु पर्नेछ ।

४ दाखिला गर्दा फर्म वा कम्पनी वा सप्लायर्सले खरिद कावाहीमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा औषधि व्यवसाय सम्बन्धी पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा घोषणापत्र सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातसंग सिलबन्दी गरि पेश गर्नु पर्नेछ । घोषणापत्र संलग्न नभएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

५ बिक्री भएका सिलबन्दी दरभाउपत्र नियमानुसार दाखिला गर्दा आफुले कबोल गरेको अंकको २.५अढाई प्रतिशत ले हुन आउने बराबरको रकम, नेपाल भित्रको कुनै वाणिज्य बैंकले जारी गरेको कम्तीमा १२० दिन दाखिला गर्ने दिन देखी को मान्य अवधि भएको शर्त रहित बैंक ग्यारेन्टी वा यस कार्यालय कंचनपुरको रा.बा.बैंक महेन्द्रनगर शाखामा रहेको धरौटी हिसाब नं.**<u>४१८०३०३००७१०४ ग ३</u>** मा नगद जम्मा गरेको सक्कलै भौचर शिलबन्दी गरि पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

दिलाराम भट्ट
ज.स्व.नि.

६ शिलबन्दी दरभाउपत्र फाराम दर्ता भएको दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
७ औषधी खरिद गर्दा बाट उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ । बोतलमा सप्लाई हुने औषधीहरु सबै प्लाष्टिक बोतलमा भएको हुनुपर्नेछ । दरभाउपत्र फाराममा उल्लेख भए अनुसारको स्पेशिफिकेशन बमोजिमको सामानहरु (WHO GMP Certified Company) हुनु पर्नेछ ।
८ सिलबन्दी दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ । दरभाउपत्र दाताले बोलपत्र पेश गर्दा आफुले कबोल गरेको जम्मा अंक यस कार्यालयको ईस्टमेट अंक ननाघेको हुने पर्नेछ । बोलपत्र स्वीकृत गर्दा यस कार्यालयले एकमुष्ट प्याकेजमा वा आईटमवाईज स्वीकृत गरी खरिद सम्झौता गरिनेछ ।
९ स्वीकृत भएपछि सम्झौता गर्न आउदा कबोल अंकको थप २.५अढाई प्रतिशत ले हुन आउने रकम बराबरको कार्य सम्पादन जमानत वा नगद माथि उल्लेखित खातामा दाखिला गरेको भौचर पेश गर्नुपर्नेछ ।
१० आ.व. २०७४।०७५ का लागि औषधी खरिदमा थप व्यवस्था भै आएमा कार्यालयको आवश्यकता अनुसार थप संख्याका औषधीहरु यसै दररेट अनुसार खरिद गर्न सकिनेछ ।
११ यस कार्यालयसम्म औषधी तथा सर्जिकल सामानहरु आपुर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु आपुर्तिकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।
१२ सिलबन्दी दरभाउपत्र प्रत्येक औषधीः आइटमवाइज उत्पादक कम्पनीको नाम अनोवार्य रुपले भर्नुपर्नेछ, यसरी कम्पनी उल्लेख नभएको फर्म मान्य हुने छैन । सुई, धुलो, झोला औषधी बाहेक अन्य सम्पुर्ण औषधीहरु Stirp मा मात्र आपुर्ति गर्नुपर्नेछ ।
१३ दरभाँउपत्र पेश गर्दा बोलपत्रदाताले कुनै छुट्टै शर्त राख्न पाइने छैन ।
१४ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१५ अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
१६ यस सम्बन्धमा विस्तृत कुराहरु सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात अध्ययन गर्न हुन अनुरोध छ ।
१७ यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा बोलपत्र सम्बन्धि कागजात (Bid Document) सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

| सि.नं. | दर भाउपत्र नं. | विवरण | ईस्टमेट अंक (सम्पूर्ण कर सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७४।०७५ | औषधि तथा सर्जिकल सामानहरु | रु.९,४६,०८१.८ | कबोल अंकको २.५% ले हुन आउने रकम रु २३,६५२। | |

दिलाराम भट्ट
ज.स्व.नि.

प्रमुख प्रशासकीय अधिकृत
प्रकार्यालय प्रमुख

श्रीकृष्ण नगरपालिका नगर कार्यपालिकाको कार्यालय कञ्चनपुर, ७ नं. प्रदेश, नेपाल २०७२